NIC ASIA
एन आई सी एशिया बैंक लि.

29 YEARS OF DOING MORE...

ISO 9001 Certified Bank

**प्रेस विज्ञप्ति**
**भाद्र ५, २०८३**

# एन आई सी एशिया बैंकद्वारा दक्षिणकाली, काठमाडौंस्थित श्री कृष्ण माध्यमिक विद्यालयलाई सहयोग प्रदान

एन आई सी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत छैमले, दक्षिणकाली नगरपालिका-८, काठमाडौंमा अवस्थित श्री कृष्ण माध्यमिक विद्यालयमा विद्यार्थीहरुको पठनपाठनलाई अझ सहज बनाउँदै गुणस्तरीय शैक्षिक वातावरण सिर्जनामा सहयोग गर्ने उद्देश्यका साथ सहयोग आवश्यकता भएका गरिब तथा विपन्न विद्यार्थीहरुका लागि बैंकले विद्यालय पोशाक र शैक्षिक सामग्री सहयोग प्रदान गरेको छ ।

बैंकले उक्त विद्यालयमा अध्यनरत २०६ भन्दा धेरै विद्यार्थीहरुको पठनपाठन अझ गुणस्तरीय र सहज बनोस् भन्ने उद्देश्यका साथ गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि भनेर ट्रयाकसुट, टिसर्ट र विभिन्न शैक्षिक सामग्रीहरु विद्यालयलाई प्रदान गरेको छ । मिति २०८३ भाद्र ०४ गते एक विशेष कार्यक्रमका बीच यस बैंकका काठमाडौं दक्षिण सर्कल हेड श्री उज्ज्वल रिमाल र फर्पिङ शाखा प्रमुख श्री सुदिप रेग्मीज्यूले उक्त विद्यालयका प्रधानाध्यापक श्री रमेश आचार्यज्यूलाई उक्त सहयोग हस्तान्तरण गर्नुभयो ।

बैंकले उक्त विद्यालयलाई उपलब्ध गराएको सहयोगले विद्यार्थीहरुको पठनपाठनमा सहजता हुनुको साथै गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

NIC ASIA BANK LTD.
REGISTERED OFFICE KATHMANDU

जयन्द्र रावल
सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)